परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३६ २०७९ बैशाख ४ गते आईतवार Sunday 17, APR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## व्यापारसंघद्धारा अगामी बजेटको लागि सुझाव

विराटनगर । मंगलबार मोरंग व्यापार संघका अध्यक्षश्री नवीन रिजालज्यूको नेतृत्वमा काठमाडौं गएको संघको टोलीले माननीय अर्थ मन्त्रीजनार्दन शर्मा 'प्रभाकर'ई भेटी आगामी बजेट २०७९।०८० का लागि सुझाव प्रस्तुत गरेको छ ।

आर्थिक मेरुदण्डीय उद्योग / व्यवसाय क्षेत्रको हकहितका लागि आगामी बजेटमा सम्बोधनगरिनु पर्ने विषयहरु समेटी तयार पारिएको सुझावपत्र पेश गरिएको छ ।

सुझावपत्रमार्फत संघले कतिपयउद्योगहरुको वाय प्रोडक्ट, सेमी प्रोडक्ट अर्को उद्योगका लागि कच्चा पदार्थको रुपमा प्रयोग हुने हुँदा त्यसता वस्तुलाई कवाडीमा परिभाषितगर्न नहुने, चेक बाउन्स हुँदाकालो सूचीमा राख्ने प्रावधान अन्तरगत कालोसूचिमा परेका व्यक्तिको एकासगोलका सबै परिवारका सदस्यहरुलाई समेत कालोसूचिमा राख्ने व्यवस्था

गरिनु पर्ने, बजेट वक्तव्यको बखत बाहेक भन्सार सम्बन्धी संसदीय समिति मार्फत वा समय सापेक्ष तवरले भएपनि भन्सार महशुल परिमार्जन गर्न सकिने व्यवस्था गरिनु पर्ने, लगानीका क्षेत्रहरुको वर्गिकरण गरी ठूला लगानीका लागि मात्र एफ.डी.आई. खुल्ला गरिनु पर्ने, उत्पादन मुलक उद्योगको प्रोत्साहनका लागि



आगामी बजेट २०७९।०८० का लागि सुझाव प्रस्तुत गरेपछि मन्त्रीसंग सामूहक तस्वीरमा मोरंग व्यपारसंघका प्रतिनिधीहरु

डिफरेनट इन्टरष्ट रेटको नीतिअन्तरगत इन्डिसटरियल सेक्टरमा ट्रेडिङ भन्दा ३ प्रतिशत कम व्याजदर कायम गरिनु पर्ने, सबै प्रदेशमा सरकारले कम्तिमा ५००-७०० विघा जग्गा सहितको औद्योगिक क्षेत्रको निर्माण गरिनु पर्ने आदि सुझाव प्रस्तुतगरिएका छन् ।

त्यस्तै, भन्सार महशुलका सन्दर्भमा संघले अन्य स्क्रयापको आयातझैं प्लाष्टिक स्क्रयाप आयात गर्ने अनुमति दिइनु पर्ने, यार्नको कच्चा पदार्थको भन्सार महशुल १० प्रतिशत र तैयारी यार्नको भन्सार महशुल ५ प्रतिशतलाई सच्याउनु पर्ने, कतिपय प्लाष्टिकका तयारी सामान र कच्चापदार्थका भन्सार महशुल समान रहेकोमा तिनमाकम्तिमा १० प्रतिशतको अन्तर कायम गरिनु पर्ने, सोप, डिटरजेनट पाउडर, हेण्डवास, ट्वाईलेट क्लिनर, सरफेस क्लिनर, लिप ब्लाम, वेट वेप्स, सोफ्ट टिसु जस्ता तैयारी वस्तुहरुको भन्सार महशुल ३० प्रतिशत कायम गरिनु पर्ने लगायत विभिन्न उद्योगहरु का लागि परिमार्जन गरिनु पर्ने भन्सार महशुलहरुका विषयमा सुझावहरु पेश गरिएका छन् ।

त्यस्तै कृषि क्षेत्रसँग सम्बन्धित कृषिजन्य वस्तुको भण्डारण गर्ने चिस्यान केन्दले आयात गर्ने मिल-मेशिनरी, भवननिर्माणमा लाग्ने प्रि फेव स्ट्रक्चर आदि सबै सामग्रीहरुमा भन्सार छुटको व्यवस्थागरिनु पर्ने, कृषि उत्पादन प्रयोजनार्थ आयातगरिने ट्रेक्टरहरुको भन्सार महशुल एवं मु.अ.कर शुन्य कायम गरिनु पर्ने आदिमाग राखिएका छन् ।

त्यस्तै, आयकर सम्बन्धी विषयमा निर्यात जन्य उद्योगहरुलाई प्रोत्साहन स्वरुप ५ वर्ष सम्मका लागि आयकरमा शतप्रतिशत छुटको व्यवस्था गरिनु पर्ने, सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यात जन्य उद्योगहरुलाई सहजिकरण गर्न आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा

वांकी ३ पेजमा...

## महिला अधिकार सुनिश्चित गर्नुपर्ने माग

विराटनगर । महिला अधिकार का सवालमा कामगर्दै आएका सामाजिक सङ्घसंस्थाले महिलाका अधिकार शुनिश्चत गर्नु पर्ने माग सहित ज्ञापन पत्र बुझाएका छन् ।

बुधवार प्रदेश १ काआन्तरिक मामिला तथा कानूम मन्त्री केदार कार्कीलाई मन्त्रालयमा ज्ञापन पत्र बुझाउँदै पीडितलाई न्याय र पीडकलाई कारबाहीको माग गरेका गरेका हुन् ।

विद्यालयमै महिलाहरू असुरक्षित रहेको कुरा उल्लेख गर्दै समतामूलक समाज निर्माण गर्न माग गरेका छन् । समाजमा रहेको असमान शक्तिको सम्बन्धमा परिवर्तन गर्नका लागि सरकारको भूमिका महत्त्वपूर्ण हुनुपर्ने भएकाले हिंसा न्यूनीकरण गर्नका लागि कानून निर्माणमा जोड दिनुपर्ने ओरेक मोरङकी कार्यक्रम अधिकृत गोमा भण्डारीले बताए ।

ओरेक, ए.वि.सी. नेपाल, सि.वि.न. नेपाल, नारी विकास, ईन्सेक, कोकुन, डब्लु. एच. आर र माइती नेपालद्वारा संयुक्त रूपमा बुझाइएको ज्ञापन पत्रमा संविधान प्रद्धत विभेद, शोषण र हिंसा मुक्तजीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न माग गरिएको छ । हिंसा प्रभावितहरूले पनि आत्म सम्मानका साथ बाँच्न पाउनु पर्ने माग गर्दै राज्यले व्यवस्था गरेको लैंङगिक हिंसा निवारण कोषलाई प्रभावकारी कार्यान्वयनगर्न भनिएको छ ।

ज्ञापन पत्रबुझ्दै मन्त्री कार्कीले सामाजिक न्याय र समानताका लागि प्रदेश सरकारले काम गरिरहेको बताउनु भएको थियो । सामाजिक क्षेत्रमा काम गरि रहेका सङ्घ संस्थाले समस्याको यर्थाथ पहिचान गरि रहेको भन्दै मन्त्री कार्कीले सामाजिक सङ्घ संस्थासँगै समन्वय गरेर सभ्य समाजको निर्माण प्रदेश सरकारले गर्ने प्रतिवद्धता जाहेर गरेको थियो ।

मन्त्री कार्कीले कानूनले दण्ड मात्रै दिँदैन अनुशासन सिकाउने बताउनु भएको छ । 'कानून बनाउनु भनेको दण्ड दिनु भन्ने बुझाई आम मानिसमा रहेको छ । त्यसले अनुशासन पनि सिकाउँछ मानिसलाई 'अवाएरनेस' गराउने गर्दछ ।' सभ्य समाज निर्माण गर्न आफै परिवर्तित हुनु पर्नेमा मन्त्री कार्कीले जोड दिएका थिए । 'सर्वप्रथम त हामीले जन्मिँदै

वांकी ३ पेजमा...

## निर्वाचन सफल बनाउन हरप्रकारको सहयोग

विराटनगर । प्रदेश नम्बर १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन सम्पन्न गर्न प्रदेश सरकारका तर्फबाट सक्दो सहयोग गर्ने वचनवद्धता व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री राईले प्रदेश सरकारले आगामी निर्वाचनलाई आफ्नो कर्तव्य र जिम्मेवारी ठानेर सहयोग गर्ने स्पष्ट पार्नुभएको छ । 'निर्वाचन सम्पन्न गर्न आफ्नो हैसियत र क्षमताले भ्याएसम्म सहयोग गर्छौं' मुख्यमन्त्री राईले भन्नु भयो ।

सो अवसरमा बोल्दै प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले तोकिएको मिति बैशाख ३० गते स्थानीय तहको निर्वाचन सफलतापूर्वक हुने स्पष्ट पार्दै निर्वाचनमा प्रदेश सरकारको सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो । प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचनको तयारी द्रुतगतिमा गरिरहेको जानकारी दिदै केही जिल्लाको मतपत्र छपाईका कामसमेत सम्पन्न भई सम्बन्धित जिल्लामा ढुवानीसमेत हुन थालेका उल्लेख गर्नु भएको थियो ।

वांकी ३ पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### व्यपारसंघ...

सहितको कशवोर्डर औद्योगिक क्षेत्र निर्माणका लागि बजेट विनियोजन गरिनु पर्ने, विराटनगरलाई बंगलादेश, दिल्ली, कोलकातासँग जोड्न नयाँ एयरपोर्ट निर्माणका लागि पहल गरिनु पर्ने, प्रदेश नं. १ मा औद्योगिक उत्पादनहरुको प्रदर्शनीका लागि संघीय सरकारले अत्याधुनिक प्रदर्शनी स्थल निर्माण गर्न बजेट विनियोजन गरिनु पर्ने, विराटनगरबाट निजगढसम्म ६ लेनको सडक निर्माण गरिनु पर्ने आदि विभिन्न मागहरु प्रस्तुत गरिएका छन्।

उक्त सुझावपत्र बुझाउ अध्यक्ष रिजाल सहित संघका निर्वतमान अध्यक्ष प्रकाश मून्दडा पूर्व अध्यक्ष महेश कुमार जाजू पूर्व अध्यक्ष पवनकुमार सारडा, वरिष्ठ उपाध्यक्ष अनुपम राठी र महासचिव अनिल सारडा सहितको टोली गएका थिए।

### निर्वाचनमा...

प्रमुख आयुक्त थपलियाले कर्मचारीलाई कुनै पनि राजनीतिक दलको समर्थन वा विरोधमा सार्वजनिक धारणा कुनै पनि प्रकारका माध्यममा नदिन आग्रह गर्नु भएको थियो। कुनै अमुक दलको समर्थन वा विरोध गरे त्यो निर्वाचन आचारसंहिता विपरीत हुने उहाँले प्रष्ट पार्नु भएको थियो।

प्रदेश नं. १ सरकारका प्रमुख सचिव डा. रामप्रसाद घिमिरेले निर्वाचन सम्पन्न गर्नका लागि आयोगले दिने जुनसुकै जिम्मेवारी पूरा गर्न प्रदेश सरकार र कर्मचारी संयन्त्र प्रतिवद्ध रहेको बताउनु भएको थियो।

### महिला...

गरेको बालबच्चालाई सिकाउनु पर्‍यो, परम्परा गत सिकाई जुन प्रमाणपत्र प्राप्त गर्नका लागिमात्र पढाइन्छ त्यसलाई व्यवहारमा ल्याउनु पर्‍यो वहांको भनाई थियो।

## नयाँवर्षसंगै राजनीतिक स्थिरता र स्थायित्व सुदृढ होस : मन्त्री कार्की

विराटनगर। प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले नेपालको संविधान जारी भएपछि स्थापित प्रदेश संरचनाले जनताका आवश्यकता सँगै विकाशका कामहरू पनि थप भइरहेको बताउनुभएको छ।

नव वर्ष २०७९ साल प्रारम्भको अवसरमा शुभकामना जारी गर्दै उहाँले जनअपेक्षा अनुसार काम गरेर जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व पूरा गर्ने भन्दै 'राजनीति पेसा हैन सेवा हो भनेका थिए ॥ त्यसमा पनि मैले भन्ने गरेको छु'जनप्रतिनिधि जनताको शासक हैन सेवक बन्नु पर्दछ भनेर प्रदेश सरकार त्यसमा पनि मेरो नेतृत्वमा रहेको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनभावना अनुसार कार्य सम्पादन गरिरहेको ब्यहोरा विदितै छ।

आफू जिम्मेवारीमा रहँदासम्म जनताको मनमा बसेर जनभावना अनुसारका काम गर्ने अठोट लिएको छु। नयाँ वर्षको आगमनसँगै मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व अझ बढी सुदृढ कायम हुनेछ भन्ने अपेक्षा गरेको छु।'

आपसी सहकार्य र सहमतिले मात्र मुलुकलाई अगाडि बढाउन सहज हुने भएकाले अग्रगामी निकासका लागि दृढ सङ्कल्प आवश्यक भएको उल्लेख गर्दै उहाँले असल जनप्रतिनिधिको पहिचान बनाउनु आवश्यक रहेको बताउनु भएको थियो।

मन्त्रीकार्कीले हिंसा निरुत्साहित गर्नका लागि आफू मन्त्री भए पनि नभए पनि लागि परिरहने बताउँदै 'विकसित मुलुकहरूमा काम महत्त्वपूर्ण हुन्छ, त्यहाँ महिला पुरुष, भन्ने हुन्न, हामी अधिकार कर्मी पनि सभ्य समाजको निर्माणका लागिआफ्नो तर्फबाट व्यवहारिक रूपमा लाग्नुपर्‍यो वहाँको सुझाव थियो।

*बेटा बेटीके बीचमे विभेद नय कह्र दोनोके स्कुल भेजु !*

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

हार्दिक मंगलमय

# शुभकामना

**नववर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

| | |
|---|---|
| भीम पराजुली (मेयर)<br>विराटनगर महानगर पालिका मोरंग<br>प्रदेश नं. १ | इन्दिरा कार्की (उपमेयर)<br>विराटनगर महानगर पालिका, मोरंग<br>प्रदेश नं. १ |

| | | |
|---|---|---|
| उद्धव अर्याल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १ | कुमार पोखरेल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. २ | विनोद कुमार बस्नेत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ३ |
| देवेन्द्र राज पोखरेल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ४ | मिन कुमार आचार्य (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ५ | विजय कामत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ६ |
| मधु बाबु तिवारी (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ७ | निश्चल अर्याल (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ८ | विश्वनाथ प्रसाद भगत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ९ |
| माधव राज बाग्ले (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १० | तिर्थेन्द्र न्यौपाने (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. ११ | हिरालाल कामत (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १२ |
| भरी लाल महतो अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १३ | महीचन यादव (का.वा.अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १४ | असलम आलम (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १५ |
| मनोज सुब्बा लिम्बु (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १६ | समिर कमर मियाँ (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १७ | राजदेव यादव (का.वा. अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १८ |
| बद्री नारायण सरदार (अध्यक्ष)<br>विराटनर महानगर पालिका<br>वडा नं. १९ | | |

*विराटनर महानगर पालिका तथा वडा कार्यालय परिवार विराटनगर मोरंग*

## आगलागीबाट सावधानी अपनाऔं।

*निम्न कारणबाट आगलागी हुन सक्छ,*
- *आगोको प्रयोगमा होसियारी नअपनाउँदा,*
- *प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,*
- *हुरी बतास चल्दा,*
- *प्रयोगपति आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,*
- *चट्याङ् पदार्न तथा विजुली तार सर्ट हुँदा।*
- *चिल्लो वा तारेको खाने कुरा सके सम्म नखाऔ।*

*त्यसैले, सचेत रहौं, आगलागीबाट बचौ बचाऔं।*

**नेपाल सरकार विज्ञापन बोर्ड**

NO SMOKING

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### पाँचदलीय गठवन्धन र स्थानीय चुनाव

संघिय लोकतान्त्रिक गणतान्त्र स्थापना भएको पहिलो पटक भएको स्थानीय, प्रदेश र संघिय निर्वाचनमा नेपाल कम्यूनिष्ट पार्टी एमाले सबभन्दा ठूलो पार्टी बनेका थिए । सवभन्दा पुरानो पार्टी २००७ साल देखि वर्चश्व गर्दै आएको नेपाली कांग्रेस दोस्रो ठूलो पार्टी वनेका थिए । ठूलो पार्टीको हैसियतले संविधानलाई नै खतम पार्ने गरी गरिएको सांसद विघटनको विरुद्धमा नेकपा एमाले पार्टी भित्रै फुट भई पाँचदलिय सहकार्य गरी सवोच्च अदालतमा सांसद पुन : स्थापनाको लागि दिएको रिटमा सर्वैच्च अदालतले संसदलाई पुनः स्थापना गरि दिए पश्चिात नेकपावाट फुटेको मोओवादी केन्द्र र एकिकृत समाजवादी पार्टी समेतले कांग्रेस संग मिली सरकार वनाएको छ । सरकारमा सहभागी भएको पाँचै दल अहिले स्थानीय चुनावमा गठवन्धन गरी चुनाव लड्ने भएको छ । केन्द्रिय स्तरमा भएको चुनावी गठवन्धनले स्थानीय स्तरसम्म निरन्तरता पाउन सक्छ कि सक्दैन यो एउटा ठूलो प्रश्न रहको छ । पाँच दलको कार्याकताले माथिको आदेश वा निर्णयलाई कार्यान्वयन नगरेमा फेरी पनि नेकपा एमाले सत्तामा आउने सम्भावना देखिनछ ।

पाँचदलको गठवन्धनको विरोधमा स्यम नेपाली काग्रेसका शेखर समूह लागि परेको छ । नेपाली कांग्रेस एकलै चुनाव लड्र जित्नु पर्ने अवाज एक थरीको छ भने प्रधानमन्त्री शेरवाहादुर देउवाले आफ्नो खुशी पाँचदलीय गठवन्धन गरेको छ । गठवन्धन नगरे कम्यूनिष्टहरुको पुन : गठवन्धन भई नेपाली काँग्रेस फेरीपनि हार्ने आकलन गर्दै चुनावमा पाँचदलसंग गठवन्धन गरेको छ । गठवन्धनले पार्टी भित्र पर्न सक्ने प्रभाव वारे नेपाले काँग्रेस विचार समेत गरको छैन । स्थानीय पाँच पार्टीको नेता कार्यकता कोही स्वतन्त्र भिड्दै छन् । कोही अन्य पार्टीमा प्रवेश गरी स्थानीय चुनावको लागि टिकट लिएर भिड्ने गरको देखिन्छ । चुनावी तालमेल गरी निर्वाचनलाई नै प्रभावित पार्ने गरी कुनै काम नहोस । लोकतन्त्रको गहना भनेकै चुनाव हो चुनावमा कुनै किसिमको अलोकतान्त्रिक काम हुनु हुँदैन । लोकतन्त्रको चुना निष्पक्ष, धाधली रहीत, कम खर्चिलो वनाउन सवै राजनितिक दल एक जुट हुनु पर्छ ।

स्थानीय चुनावलाई निष्पक्ष र धाधली रहीत वनाउनको लागि विपक्षी दल नेकपा एमाले समेत सजग हुन जरुरी छ । चुनावमा अनावश्यक खर्च गर्ने पार्टीलाई समेत आम नेपाली जनताले निगरानी गर्नु पर्छ । चुनावमा स्वस्थ्य प्रतिस्पर्धाको लागि सवै राजनितिकदहरु एकमत हुन जरुरी छ । आम नेपाली जनताले पनि कहिले जिमदारी प्रथाले जिम्दारलाई भोट हाले, कहिले राजालाई भोट हाले, कहिले राजनितीक दललाई भोटहाले तर यी सवै विकास विरोधी, व्यक्तिवादी, भ्रष्टाचारी, देशलाई गरीबीमा धकेल्ने जनप्रतिनिधी मात्र भए । अव हुने स्थानीय चुनावमा स्वच्छ छवीका, निषपक्ष निर्णय गर्न सक्ने, वढेलेखेका उम्मेदवारलाई निर्वाचनमा मतदान गरी देशलाई समृद्धि र विकास तर्फ अगाडी वढाउन आवश्यक छ । अन्यथा देशमा वेरोजगारी, गरीबी, अशिक्षा, भ्रष्टाचार, व्यक्तिवादी सोच नै हावी हुने पक्का तछ । तसर्थ चुनाव मतदान गर्दा सोचेर, बुझेर, निष्ठावन उम्मेदवारलाई जिताऔं । देशलाई समृद्धि र विकास तिर अगाडी वढाउन सवैले सहयोग गरौ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# समावेशी करणले ल्याएको सशक्तीकरण र आउँदो निर्वाचन

राम बस्नेत

कामको शिलशिलामा लुम्बिनी प्रदेशका दुई जिल्ला पाल्पा र गुल्मीका २० वटा गाउँपालिकासँग सहकार्य गर्ने अवसर मिल्यो । कामको उद्देश्य फरक भए पनि मेरो लागि जनप्रतिनिधिहरूको समावेशिता, अर्थपूर्ण सहभागिता, सशक्तीकरण र पहुँचमा महिला, जनजाति, दलित प्रतिनिधिहरूको अवस्था कस्तो छ भन्ने थप चासोको बिषय थियो ।

नेपालको संविधान २०७२ को आधारमा भएको पहिलो निर्वाचनको परिणामले लामो समयदेखि नेतृत्व लिनबाट वञ्चित गराइएका महिला र दलित महिलाको राजनैतिक नेतृत्वमा उल्लेख्य सहभागिता रह्यो । हामी पुगेका अधिकांश नगरपालिका तथा गाउँपालिकाहरूमा उपप्रमुख तथा उपाध्यक्षमा महिला हुनुहुन्छ भने गुल्मी जिल्लाको धुर्कोट गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष दुवै पदमा पुरुष नै भेटियो ।

पितृसत्तात्मक सोच र संरचनाको हालीमुहाली रहेको राजनैतिक नेतृत्वको सोचका कारण महिलालाई दोस्रो दर्जामा राख्ने तथा सहभागिताको लागि मात्रै सहभागिता हुने स्थिति बनाइएता पनि यो स्थितिले केही हदसम्म भएपनि सामाजिक रूपान्तरणको आधार तयार भई नागरिकले खोजेको शासन व्यवस्थाको अभ्यासको लागि सहज वातावरण बन्न शुरुवात भएको अवस्था हो ।

१७ वर्षपछि भएको स्थानीय तहको निर्वाचन र यही बीचमा सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्यका लागि महिला तथा सीमान्तकृत समुदायको राजनीतिक चेत, सहभागिता र संघर्षहरूले महिलाहरूको राजनीतिक सहभागिता वृद्धि गर्न कोसे ढुङ्गा सावित गऱ्यो । निर्वाचन आयोगले स्थानीय तहमा महिलाको ४०.४ प्रतिशत न्यूनतम सहभागिता अनिवार्य हुनुपर्ने भनी कानुनी व्यवस्था गरिदिएकोले यो सम्भव भयो । पालिकाको प्रमुख तथा उपप्रमुखहरूमा उम्मेदवार बनाउँदा एक महिला प्रतिनिधिको उमेदवारी अनिवार्य बनाउनुपर्ने प्रावधानले नै यो परिणाम ल्याएको हो ।

तुलनात्मकरूपमा हेर्दा वि.सं. २०७४ को स्थानीय तहको निर्वाचनमा १ लाख ४८ हजार ३६४ जनाले उम्मेदवारी दिएका मध्ये ६१.०१ प्रतिशत पुरुष र ३८.९८ प्रतिशत महिलाको सहभागिता थियो । निर्वाचित ३५ हजार ३४ जना जनप्रतिनिधिमध्ये ५९.०४ प्रतिशत पुरुष र ४०.९६ प्रतिशत महिला थिए । समग्रमा स्थानीयतहको निर्वाचनले महिलाको ४० प्रतिशत सहभागिता सुनिश्चित गऱ्यो । जम्मा निर्वाचित प्रतिनिधिहरू मध्ये १८.७५ प्रतिशत दलित महिलाको उपस्थिति थियो । यद्यपि, निर्णायक तहमा पुरुषहरूकै बाहुल्यता रहेको छ ।

वडा अध्यक्षमा महिला एकजना पनि नभेटिनु र अध्यक्ष वा नगर प्रमुखमा महिला नहुनुले एउटा प्रश्न भने अवश्य उब्जायो । राज्यको पुनसंरचना पछिको पहिलो स्थानीय तहको निर्वाचनमा समावेशिताको अवधारणाले विभेदलाई कम गर्ने प्रयास गरेको त देखिन्छ तर प्रमुख पद महिलालाई दिने वातावरण राजनैतिक दलभित्र तयार भइससकेको छैन । निर्वाचित महिला, जनजाति र दलित समुदायका जनप्रतिनिधिहरूको क्षमता विकास तथा सशक्तीकरणमा लोभलाग्दो आशा पालाएको छ ।

आउने निर्वाचनमा संविधानको धारा ३८ को उपधारा ४ अनुसार राज्यका सबै संरचनाहरूमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गरी देशको समग्र रूपमान्तरणको आधार तयार गर्नु अनिवार्य छ । दुर्भाग्यवश अहिलेसम्म हरेक तहमा जरो गाडेर रहेको पितृसत्तात्मक संरचना त्यसैमा आधारित महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण राजनैतिक नेतृत्वमा महिलालाई सहजै स्वीकार गर्ने वातावरण छैन ।

स्थानीय चुनावले अहिले माहोल तताएको छ, सबै राजनैतिक दल चुनावी कार्यक्रम र उम्मेदवार छान्नमा व्यस्त छन् । स्वभाविक रूपमा यो पाँच वर्षमा स्थानीय तह हाँक्ने जनप्रतिनिधिहरूले यसपटक पनि उम्मेदवार बन्ने अपेक्षा राखेका पाइयो । त्यसमा पनि उपप्रमुख, उपाध्यक्ष, र सदस्यहरूले अबको प्रमुख पद दावी गर्ने नै भए । प्रायः सबै महिला, जनजाति र दलित जनप्रतिनिधिहरूले आफ्नो पनि उम्मेदवारी दावी भएको मनसाय सुन्न पाइयो । आउने निर्वाचनमा तपाईको उम्मेदवारी कुन पदमा मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष वा वडा अध्यक्ष भन्ने प्रश्नमा प्रायः सबैको समान जवाफ थियो । हामीलाई पार्टीले मुख्य पदमा टिकट नै दिँदैनन् ।

वहाँहरूको बुझाईमा राजनीतिक दलले महिला, जनजाति र दलितहरूलाई अझै पनि विश्वास गर्न सकेका छैन । अथवा पितृसत्तात्मक सोच अझै यथावत छ । महिला, जनजाति र दलितहरू पनि अवसर पाए पुरुष सरह वा अझ राम्रो गर्न सक्छन् भन्ने कयौं उदाहरणहरू भए पनि कोटा बाहेक र त्यसमा पनि वैकल्पिक पदमा मात्रै अवसर पाइने अवस्था छ ।

समावेशी कोटाबाट जनप्रतिनिधि भएर एक कार्यकाल पूरा गर्दै गरेका प्रतिनिधिहरूको क्षमता विकास र सशक्तीकरण असाध्यै राम्रो देखिन्छ । यसले हामी भन्न सक्छौं कि अवसरले मानिसलाई क्षमतावान बनाउँछ तर त्यो अवसर प्राप्त गर्नका लागि गर्नु परेको सामाजिक संघर्ष र जिम्मेवारीले सिकाएका पाठहरूले आउँदो निर्वाचनमा कार्यकारी पदमा उम्मेदवारी दिन र निर्वाचनमा विजय हुन दुवै अत्यन्त चुनौतिका रूपमा बुझिएको छ ।

महिला, जनजाति र दलित प्रतिनिधिहरूको स्थानीय सरकारमा यति ठूलो सहभागिता नेपालको इतिहासमा यो पहिलो हो । यसलाई ती वर्ग समुदायको उत्थानमा नयाँ आयाम नै मान्न सकिन्छ । तर पनि आगामी स्थानीय निकायको निर्वाचनामा यति धेरै उपप्रमुख, उपाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरूले प्रमुख, अध्यक्ष र वडा अध्यक्षमा अथवा माथिल्लो पदमा वा कार्यकारी पदमा छलाङ मार्ने सम्भावना प्रशस्त भए पनि राजनीतिक दलहरूले यति सजिलै विश्वास गर्लान् भन्ने बिषयमा स्वयं वहाँहरू नै विश्वस्त हुन नसकिरहेको अवस्था छ ।

नेपालको निर्वाचन प्रक्रियामा राजनीतिक दलहरूको संस्कार महंगो हुँदै जानुले अझै पनि आर्थिक रूपमा कमजोर वर्ग र समुदायका सक्षम व्यक्तिहरू यस प्रक्रियाबाट बाहिर रहिरहने सम्भावनालाई बढाएको छ । उम्मेदवार बन्नदेखि निर्वाचनको दिनसम्म प्रशस्त पैसाको खर्च गर्नुपर्ने राजनीतिक संस्कारले संविधानको व्यवस्थालाई कमजोर पार्दै लैजाने आंकलन गर्न सकिन्छ । लामो समयदेखि विभेदमा पारिएका समुदाय र वर्गहरूको राजनीतिक यात्रा कोटामा मात्रै सीमित हुने खतरा बढाएको छ । महिला, जनजाति र दलित समुदायको यति ठूलो संख्या निर्वाचित भएर राज्य र सरकारका विभिन्न तहमा रहेर काम गर्न पाउने अवसरलाई हेर्दा निक्कै ठूलो उपलब्धि मान्न सकिन्छ । यद्यपि, उहाँहरूको भूमिका, जिम्मेवारी अथवा पहुँच भने कमजोर पारिएको छ । पाँच वर्ष जिम्मेवारी सम्हालिसकेका अनुभवी ती अनुहारहरू माथिल्लो पदमा जान सक्लान् कि नसक्लान् भन्ने शंका यथावत नै छ ।

हाम्रो समाजको वर्तमान अवस्थालाई हेर्दा राजनीतिक, शैक्षिक, सामाजिक र आर्थिक अवस्था माथि भएका समुदाय र

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्हबाट सुशोभन



बिराटनगर । १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा एक कार्यक्रमको आयोजना बिच पदोन्नति हुनु हुने प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्हले सु-शोभन गरिएको छ ।

प्रहरी प्रधान कार्यालयको बिभिन्न मितिको पत्रले प्रहरी बरिष्ठ नायब निरीक्षक, प्रहरी बरिष्ठ हवल्दार र प्रहरी सहायक हवल्दार पदमा बढुवा हुनु भएका ७७ जना प्रहरी कर्मचारीहरुलाई प्रहरी नायब महानिरीक्षक अरुण कुमार बि.सी.ले दर्ज्यानी चिन्हद्वारा सोमवार सुशोभित गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश प्रहरी प्रमुख बि.सि.ले पदोन्नति हुनु हुने सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई बधाई तथा शुभकामना प्रदान गर्नु हुदै पदोन्नतिले थप जिम्मेवारी बढेको अवगत गराउदै आफ्नो कर्तब्य जिम्मेवारीका साथ निर्वाह गर्न समेत निर्देशन दिएको थियो ।

सु-शोभन कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षकहरु, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार तथा जवानहरुको उपस्थिति रहेको थियो ।

# अबैद्ध विस्कुट बरामद एक पक्राउ

झापा । झापाको मेचिनगर नगरपालिका वडा नं. ६ बाट अबैध सामान सहित १ जना पक्राउ परेको छ ।

बुधवार ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको आर जे १८ जी वी ३७२१ नम्बरको कन्टेनर चेकजाँच गर्ने क्रममा उक्त कन्टेनरमा अबैध रुपमा नेपाल ल्याउँदै गरेको २० लाख बराबरको बिस्कुट बरामद भएको थियो ।

अबैध रुपमा बरामद भएको बिस्कुट, कन्टेनर र कन्टेनर चालक भारतिय नागरीक २२ बर्षीय सिशराम गोर्सी समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी मेची भन्सार कार्यालय काकड्भिट्टामा बुझाइएको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको थियो ।

# भ्रष्ट मिश्रित प्रणाली सुधार आवश्यक

– कैलाश महतो

हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीको पक्षधर हौं । पूर्ण समानुपातिक निर्वाचन प्रणाली संघ र प्रदेशमा लागू हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । स्थानीय निकायको चुनावको विरोधमा हामी छैनौं । यो आवधिक निर्वाचन हो । स्थानीय चुनाव भनेको स्थानीयरुपमा भ्रष्टाचारको निर्माण गर्दछ ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू नहुन्जेलसम्म भ्रष्टाचारलाई रोक्न गाह्रै छ । स्थानीय तहको भ्रष्टाचार न्यूनीकरणका लागि निर्दलीय निर्वाचन हुनुपर्छ । अहिलेका दलहरुले स्थानीय तहको उम्मेद्वारका लागि दुई करोडदेखि पाँच करोड रुपैयाँसम्ममा टिकट बिक्री गर्छन् । अझ ठूलो नगरपालिका वा महानगर पालिकामा पाँच करोडदेखि १० करोड रुपैयाँसम्ममा टिकट बिक्री गर्छन् । जुन मान्छेले ५ वा १० करोडमा टिकट खरिद गर्छ, अनि फेरि चुनावमा ५/१० करोड रुपैयाँ खर्च गर्छ, भनेपछि १५/२० करोड खर्च गऱ्यो भने उसले विकास गर्छ त ? करोडौं रुपैयाँ खर्च गर्ने नेताले जितेपछि स्वत: भ्रष्टाचार गर्छ । त्यसैले स्वाधिन मधेश जनअभियानले स्थानीय तहमा निर्दलीय चुनावको माग गरेको हो ।

स्थानीय तहको चुनावमा कुनै पार्टीको टिकट लिनुपर्ने आवश्यकता नै छैन । किनभने स्थानीय तहमा विकास गर्नुछ, आफ्नो समाजको विकास गर्नुछ । स्थानीय नेता वा समाजसेवीका लागि पार्टी ठूलो कुरा होइन । त्यहाँको विकास र जनता ठूलो कुरा हो । हाम्रो छिमेकी मित्रराष्ट्र भारतमै हेर्ने हो भने त्यहाँ स्थानीय तहमा कुनै दल छैन । भारतजस्तो लोकतान्त्रिक मुलुकमा स्थानीय तहमा निर्दलीय चुनाव हुन्छ भने यहाँ किन हुँदैन ? पार्टीले टिकट बेच्ने काम मात्रै गर्छ यहाँ । यहाँ भ्रष्टाचारको ठेकेदारी पार्टीले गर्छ । त्यो हिसावले पनि स्थानीय तहको निर्वाचनलाई राज्यले गम्भीर भएर निर्दलीयरुपमा लग्नुपर्छ ।

स्वाधिन मधेश जनअभियानले के सन्देश दिन चाहन्छ भने देश र समाजलाई राम्रो बाटोमा लाने हो भने कमसेकम स्थानीय चुनावलाई राजनीतिकरणबाट बचाउनुपर्छ । भ्रष्टाचारलाई रोक्न नसके पनि नियन्त्रण गर्न स्थानीय तहमा निर्दलीय चुनाव हुनुपर्छ । हामीले अहिले गाउँ-गाउँमा अभियान चलाइरहेका छौं । हाम्रो तयारी पुग्यो भने स्थानीय चुनावअघि नै राज्यलाई ज्ञापनपत्र दिन्छौं । यदि त्यसबाट निर्दलीय चुनाव हुने सम्भावना भएन भने हामी विरोधमा जान्छौं ।

अहिलेको अवस्थामा यो चुनावमा हाम्रो सहभागिता रहँदैन । किनकि लुटेरा र भ्रष्टहरुको चुनाव हो, यसले समाजलाई बर्बाद गर्छ । हालको चुनाव प्रणालीले आर्थिक अनियमितता मात्रै गर्दैन, समाज र परिवारलाई तोड्ने काम गर्छ । पैसा दिएर जब टिकट बिक्री वितरण हुन्छ, अनि यसले समाजलाई सुधार्ने वा एकताबद्ध गर्ने काम गर्दैन । जुन चुनावले सामाजिक एकीकरण गर्न दिँदैन, त्यो राजनीतिले समाजलाई एकताबद्ध हुन दिँदैन । जबसम्म समाजमा एकताबद्ध हुँदैन तबसम्म कसैले पनि विकास गर्न सक्दैन ।

हाम्रो शक्ति निर्माण भयो भने यो निर्वाचनको विरुद्धमा खडा हुन्छौं । भएन भने अहिले हामीसँग भएको शक्तिलाई नै परिचालन गर्छौं । हामीसँग शक्ति देखियो भने मैदानमै उत्रेर विरोध गर्छौं, चुनाव नै हुन नदिने पक्षमा जान्छौं । यो देशलाई हामीले एउटा पाठ सिकाएका छौं । जतिखेर म फोरम नेपालमा थिएँ, त्यतिबेला मधेशले मात्रै चुनाव रोकेको थियो । मधेशले चुनाव रोक्यो, देशको चुनाव रोक्यो । मधेश यति शक्तिशाली छ कि सबै थोक मधेशमा नै छ । जुन दिन मधेशले चुनावको बहिष्कार गर्छ, त्यो दिन देशले पनि रोक्न बाध्य हुन्छ ।

हामी मधेशका विभिन्न जिल्लाहरुमा गएर जनतामाझ आफ्नो कुरा सुनाउँदा उहाँहरुले नाई भन्ने कुनै आधार छैन । सबैले यो राम्रो मुद्दा हो, हामी पनि साथ दिन्छौं भन्ने कुराहरु आइरहेका छन् । तर पनि मानिसले चुनावलाई एउटा पर्वको रुपमा लिएको छ । जब हामी यो चुनावको बारेमा चिरफार गर्छौं, त्यसपछि समाज संवेदनशील भएको हामीले पाएका छौं । हामीले एउटा जनलहर निर्माण गर्न सक्यौं भने हामीले राज्यलाई चेतावनी दिन सक्छौं । संघीय र प्रादेशिक निर्वाचन अगाडि हामी एउटा शक्ति निर्माण गर्छौं । गलत, भ्रष्ट मिश्रित निर्वाचन प्रणालीमा सुधार गर्न हामी बाध्य पार्छौं । यो हाम्रो विश्वास हो ।

किसानको नाममा जुन दिन आन्दोलन घोषणा भयो र पुस ११ गते जसरी तोडफोड भयो, जनमत पार्टीका केटाहरु जबरजस्ती प्रहरीमाथि ढुंगामुढा गरेका छन् । सर्वसाधारण बसेको बसमा ठूलो ढुंगा प्रहार गरिएको छ । त्यसमा प्रहरी प्रशासनको अलिकति पनि गल्ती छैन । यिनीहरु माहौल बनाउनका लागि प्रहरीसँग धक्कामुक्की गरेका हुन्, अश्रुग्यास प्रहार गर्न लगाएको हो । मैले त्यहीं दिन सामाजिक सञ्जालमा लेखेको थिएँ कि यो किसान आन्दोलन हुँदैहोइन, यो राजनीतिक र चुनावी स्टन्ट हो । चुनावको मिति घोषणा हुने बित्तिकै सीके राउतले चुनावी तयारीमा जुटिसकेका छन् ।

सीके राउतको एउटा मुद्दा छँदैछैन । कहिले स्वतन्त्र मधेश, कहिले विकासको आन्दोलन, कहिले नो भोट आन्दोलन, कहिले भोट दो आन्दोलन, कहिले भ्रष्टाचारविरुद्धको आन्दोलन, कहिले किसानको आन्दोलन । मधेशको एउटा परिपक्व नेताको यस्तै चरित्र हो ? त्यसैले मैले सुरुमै भनेको थिएँ, सीके राउतको आन्दोलन किसानको लागि हुँदैहोइन, राजनीतिक फाइदाका लागि मात्रै हो । त्यसमा किसानको पनि संलग्नता थिएन । यो प्रमाणित पनि भएको छ ।

किसानको आन्दोलनलाई सबैले सम्मान गरेका छन् । तर सीके राउतको जुन राजनीतिक चरित्र छ, मुद्दा बेच्ने जुन तौरतरिका छ, त्यसमाथि बौद्धिक सर्कल, बुद्धिजीबी, नागरिक समाजको विश्वास थिएन । व्यक्तिगत मेरो विश्वास त ११ बुँदे सहमतिपछि नै हराएको थियो । उनको पार्टीमा लागेका कुनै पनि पूराना नेता कार्यकर्ताहरुको पनि भरोसा थिएन । जुन-जुन नयाँ केटाहरु लागेका छन्, जो छिटो नेता बनिहाल्ने जस्ताहरुको मात्रै सरोकारको आन्दोलन थियो ।

सीके राउतको सबभन्दा अपरिपक्वता हेर्नुस्, उहाँ केही दिन पहिला सामाजिक सञ्जालमा लेख्नुभएको थियो कि जबसम्म जनसंख्याको आधारमा निर्वाचन क्षेत्र घोषणा हुँदैन, सकरारसँग गरेको ११ बुँदे र आठबुँदे लागू हुँदैन तबसम्म मधेशमा चुनाव हुन नदिने राष्ट्रिय मिडियाहरुमा भन्नुभएको थियो । त्यो व्यक्ति रातारात सबै चीज बद्लेर विज्ञप्ति निकाल्छन् कि स्थानीय तहको निर्वाचनमा उम्मेद्वारको सिफारिस पठाउन आह्वान गरेका छन् । यो कुन राजनीति हो ? यो कसको लागि राजनीति गरेको हो ? यो बिल्कुल बकवास हो, सीके राउत असफल मान्छे हुन् ।

उहाँ स्थानीय तह कब्जा गरेर १० लाख रोजगारी, मधेश स्वराज कायम गर्ने योजनामा हुनुहुन्छ । तर देश र मधेशको अगाडि जुन चरित्र प्रदर्शन गर्नुभएको छ, त्यो मधेशका लागि मान्य छैन । मधेशी जनताले सीके राउतलाई विश्वास गर्ने आधार बिल्कुल छैन । म विगत २०४४ सालदेखि राजनीति गर्दै आएको छु । मेरो पनि अनुभव छ । त्यस हिसावले सीके राउतले आफ्नो औकात गुमाइसकेका छन् ।

(महतो, स्वाधिन मधेश जनअभियानका संयोजक हुन् ।)
(मधेश दर्पण फिचर सेवा)





हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय प्रकाश महतो (सहसचीव)
नेकपा एमाले विराटनगर
परिवार



# अपरेशन गरेर सफलता पूर्वक निकालियो दुर्लभ ट्यूमर



विराटनगर। विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा एक विरामीको अप्रेशन गरेर दुर्लभ तथा जटिल ट्यूमर सफलतापूर्वक निकालिएको छ।

झापाको अर्जुनधारा नगर पालिका वडा नं. ११ की ३४ बर्षीया मालती राईको दाहिने कानको पछाडिको भागबाट गर्धन हुँदै छातिसम्म फैलिएर पलाएको 'ब्राकिएल प्लेक्सस् ट्यूमर' शुक्रवार अप्रेशन गरेर सफलतापूर्वक निकालिएको थियो।

नोबेलका टाउको तथा घाँटी क्यान्सरका बरिष्ठ शल्यचिकित्सक डा. ऋषिकेश ठाकुर नेतृत्वको चिकित्सकहरुको टोलीले सफलता पूर्वक ट्यूमर निकालेको थियो। नोबेलको हाडजोर्नी विभागका डा.रञ्जिव झा, नाक कान घाँटी बिभागका डा.संजिव कुमार ठाकुर, छाती सम्बन्धि शल्यचिकित्सक डा.लोकेश यादव लगायत पनि शल्यक्रियामा सहभागि रहेको थियो।

यस्तो प्रकृतिको जटिल तथा दुर्लभ ट्यूमर नेपालमै पहिलो पटक सफलतापूर्वक निकालिएको डा.ठाकुर बताए। 'झण्डै एक लाख मान्छे मध्ये करिब एक जनामा मात्र यस्तो ट्यूमर पाइन्छ, त्यो पनि यत्तिको ठूलो विरलै मात्र भेटिन्छ, नेपालमा हालसम्म यस्तो प्रकृतिको जटिल तथा दुर्लभ ट्यूमर सफलतापूर्वक निकालेको रेकर्ड भेटिएको छैन,' डा.ठाकुर भन्छन्, 'हामीले नेपालमै पहिलो पटक यस्तो जटिल ट्यूमर निकालेका हौं।'

घाँटीको माथिल्लो भागदेखि करङसम्म काटेर झण्डै १७ सेन्टिमिटर लामो ट्यूमर सफलतापूर्वक निकालिएको थियो। चिकित्सकहरुका अनुसार घाँटी हुँदै हातसम्म फैलिने नसाहरुसँगै पलाएकाले सो ट्यूमर निकाल्दा नसामा चोट लाग्ने संभावना धेरै हुन्थ्यो। जसका कारण हात नचल्ने जोखिम थियो। तर, सफलतापूर्वक ट्यूमर निकालिएपछि अहिले मालतीको हात सामान्य अवस्थामा छ।

करिब एक बर्षअघिदेखि उनको घाँटीको पछाडिपट्टीको भागमा मासुको डल्लो पलाएको थियो। छाम्दा निकै कसिलो भेटिने डल्लो बढ्दै गएर छातीसम्म फैलिएको हो। ट्यूमर बढ्दै गएपछि मालतीलाई हात उचाल्न गाह्रो हुँने, घोच्ने र चस्किने समस्याले हैरान पारेका थिए।

पूर्वका बिभिन्न अस्पतालमा जाँदा अप्रेशन गर्न नमानेपछि अन्तत : नोबेलमा ल्याएर अप्रेशन गराइएको मालतीका श्रीमान राजकुमारले बताए। अप्रेशन सफल भएर समस्या टरेपछि विरामी र विरामीका आफन्त हर्षित छन्।





हार्दिक मंगलमय
शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुर्यनाथ प्रसाद सिंह (अध्यक्ष)
बृहत मधेशी नागरिक समाज
विराटनगर, परिवार


# भन्सामै औषधि : यी हुन् आपतकालिन उपचारमा प्रयोग हुने ११ जडिबुटी

हामी जुनसुकै बेला दुर्घटनामा पर्न सक्छौं। तर कतिपय अवस्थामा तत्कालै चिकित्सकहाँ जान असम्भव पनि हुन सक्छ। त्यस्तो अवस्थामा हाम्रोवरिपरि पाइने जडिबुटिबाटै उपचार गर्न सकिन्छ। सामान्य चोटदेखि शरीर पोलेका समस्या घरमा नै उपचार गर्न सकिन्छ। स्वास्थ्यमा आपतकालिन समस्या परेका बेला उपचारमा प्रयोग हुने घरेलु जडीबुटी :

एलोभेरा (घिउकुमारी) : - शरीरको छाला जलेमा वा पोलेमा घिउकुमारीअचुक औषधिको रुपमा प्रयोग गरिन्छ। पोलेको ठाउँमा यसको रस लगाउँदा चिसो र शितलता प्रदान गर्छ। गमला वा सानो प्लाष्टिकको बट्टामा नै घर वरिपरि रोप्न सकिने घिउ कुमारीका अनगिन्ति फाइदा छन्।

बिटर एलो (तितो घिउ कुमारी) :- घिउकुमारीकै एक जात (तर ठूला आकारका पात) को यो जडिबुटि कब्जियत, एपेन्डिसाईटिस र पित्तासयको रोगको उपचारमा प्रयोग गरिन्छ। एलोलाई क्याप्सुलको रुपमा पनि किन्न पाइन्छ। यो क्याप्सुल नियमित सेवन गरेमा पाचन प्रणालीलाई सहयोग पुग्छ। शरीरमा भएका विषादि हटाउन दैनिक एक क्याप्सल एलो खान सकिन्छ।

अदुवा :- दैनिक किचनमा प्रयोग हुने अदुवाले पाचनशक्ति वृद्धि गर्छ। यसले अनावश्यक ग्याँस फाल्न मद्दत गरी पेटलाई हल्का बनाउनुका साथै बान्ता आउने समस्याको समाधान गर्छ। हरेक राती एक कप अदुवा चिया खाँदा पाचन पक्रियालाई सहज बनाउछ। त्यस्तै मनतातो अदुवा पानी खाँदा बान्ता आउने समस्याको समाधान गर्छ।

लसुन :- क्यान्सर रोगबाट बचाउने लसुनले रोग प्रतिरोध क्षमतालाई पनि बलियो बनाउछ। एन्टिभाइरस र एन्टिव्याक्टेरियलयुक्त लसुनले चिसो, ज्वरो र फ्लुबाट जोगाउँछ। लसुनको नियमति सेवनले आन्तरिक संक्रमणबाट बचाउँछ। त्यस्तै खेलाडीको पैताला र कानमा बाह्य संक्रमण भएमा लसुनको रस लगाउँदा तत्कालै उपचार हुन्छ। प्रतिदिन भोजनमा लसुनको प्रयोग गर्नाले पेटको अल्सर र क्यान्सरबाट जोगिन सकिन्छ। दैनिक लसुन सेवन गर्नाले ब्लडप्रेसरलाई नियन्त्रणमा राख्न सहयोग पुग्छ र यसबाट लामो समयसम्म शरीरको इम्युन सिस्टम पनि बलियो रहन्छ।

बेसार :- बेसार आफैमा एन्टिसेप्टिक र एन्टि व्याक्टेरिया जन्य तत्व हो। त्यही भएर काटेको ठाउँमा, जलेको स्थान वा अन्य घाउमा यसको प्रयोग गरिन्छ। सामान्य चोटपछिको घाउमा बेसार दल्ने संस्कार प्रचलित छ। चिसो लागेको छ ? सुत्नु अगाडि तातो दुधमा केही चिम्टि बेसार राखेर पिउनुहोस्। एक रातमै तपाईको चिसो भाग्छ। बेसारले प्राकृतिक पेन किलर ( दुखाई कम गर्ने औषधि)को काम गर्छ। छालासम्बन्धि निश्चित रोगको उपचारमा पनि बेसारको प्रयोग हुन्छ। बेसारले मुटु रोग र क्यान्सरबाट बचाउँछ। बेसारले डिप्रेसन रोगको औषधीको काम गर्छ। नियमित बेसारको धुलो अनुहारमा लगाउँदा अनुहारमा चमक ल्याउनुका साथै चाउरीनबाट बचाउँछ।

प्याज :- प्याजमा क्युरसेटिन नामको रसायन हुन्छ जसले ग्याष्ट्रिकबाट पनि बचाउछ। प्याजले विभिन्न संक्रमण र रोगहरुबाट बचाउँछ। प्याजमा विभिन्न पोषणतत्व हुन्छ जसले हामीलाई अन्य रोग लाग्नबाट पनि जोगाउँछ। लन्चको समयमा प्याजलाई सलादको रुपमा पनि प्रयोग गर्न सकिन्छ। पाचनमा समस्या भएकाहरुले दिनमा एउटा काँचो प्याज चबाएमा पाचन समस्याको समाधान हुन्छ। जलेको छालामा प्याज दल्दा छालालाई आराम दिन्छ। नियमित काँचो प्याज खाँदा छालामा चमक आउँछ। नियमति प्याज खाएमा मुटुमा समस्या ल्याउने खराब कोलेस्ट्रोललाई हटाउन सकिन्छ। प्याजलाई पानीमा भिजाएर केही मिनेट राखेर खाँदा शरीरलाई शितल प्रदान गर्छ। त्यस्तै प्याजलाई ज्वरो आउदा पनि प्रयोग गर्न सकिन्छ। हनहनी ज्वरो आउदा प्याजको टुक्रालाई निधारमा राखेमा ज्वरो घट्छ। प्याजलाई हल्का पानीमा डुबाएर निधार, पैताला र हातखुट्टामा दल्दा बिरामीलाई हल्का महशुस हुन्छ। गर्मीमा नाथ्रो फुटेर नाकबाट रगत आएको छ भने प्याजलाई दुई तीन टुक्रा बनाउनुहोस र बेस्सरी नस लिनुहोस वा सुघ्नुहोस नाकबाट रगत आउन छाड्छ।

हींग :- हींगले पाचनक्रिया मजबुत बनाउछ। श्वासप्रश्वास सम्बन्धी रोगबाट बचाउछ। रोघाखोकी लाग्नबाट बचाउछ। तातो पानीमा राखेर हिंग खाँदा ब्रोन्काइटिसमा राहत मिल्छ। पेट दुख्दा तातो पानीसंग हींग खाँदा दुखाई कम हुन्छ। दाँत दुखेमा हींग खाँदा राहत मिल्छ। दुखाई भएको ठाउमा हींगको लेप लगाउदा दुखाई कम हुन्छ। रोग प्रतिरोधात्मक क्षमता बढाउछ। दाद, लुतो भएको ठाउमा हिंगको लेप लगाउदा औषधिको काम गर्छ। कब्जियत भएमा तातो पानी र हिंग खाँदा फाइदा हुन्छ।

जाइफल :- जाइफल घोटेर दूधमा मिसाई पिउनाले निद्रा लाग्दछ तर, यो बढी मिसाएमा बढी नशाकारक एवम् हानिकारक हुन सक्दछ। जीउ दुखेमा, हातगोडा गलेमा जाइफललाई पानी वा दूधमा पकाइ पिउने गर्दा त्यो समस्या केही क्षणमै सुधार हुन्छ। त्यसैगरी तोरीको तेलमा जाइफल थिचेर फुराउने र त्यसलाई जीउमा दल्दा जीउ दुखाइमा आराम पाइन्छ। जाइफल र तीतेपातीको पातलाई तोरीको तेलमा पानी दोब्बर राखी उमाल्ने र कम आँचमा पकाई पानी सुकाउने। उक्त तेललाई जोर्नी दुखेको ठाउँमा राखी कपडाले बेर्ने गर्दा दुखाई सञ्चो हुन्छ। एक लिटर दूधमा थोरै जाइफल राखेर पकाउने र पिउने बेलामा १ चम्चा मह र सानो टुक्रा शिलाजित मिसाइ पिउने गर्दा नपुंसकता एवम् शीघ्रपतन सम्बन्धी यौन समस्या ठीक हुन्छ। तर, यसको केही महिनासम्म प्रयोग गर्नुपर्छ।

मुटु कमजोर भएका ब्यक्तिलाई महमा मिसाई नित्य केही मात्रामा सेवन गर्दा फइदा हुन्छ। डरलाग्ने, मुटु बढी ढुकढुक हुने, झस्किने लक्षणहरु उत्पन्न भएमा दूध र शिलाजितका साथमा थोरै जाइफल मिसाई प्रयोग गर्दा फइदा हुन्छ। भोक नलाग्ने भएमा केही दिन जाइफको टुक्रा चुस्नाले भोक बढी लाग्न थाल्दछ।

तुलसी :- तुलसीले रोगका किटाणु नष्ट गर्न मद्दत गर्छ। यदि घरअगाडि तुलसीको बोट रोपिन्छ भने हावा पनि शुद्ध हुन्छ, आसपासका हानिकारक किटाणु पनि प्रभावहिन हुन्छन्। तुलसीमा एन्टीबायोटिक गुण हुन्छ, जो मलेरिया रोगका लागि लाभकारी हुन्छ। तुलसीको सेवनबाट शरीरमा रोग प्रतिरोधी क्षमता बढ्छ, यसको कुनै साइडइफेक्ट हुँदैंन र यसको सेवनबाट रुघाखोकी, निमोनिया निको हुन्छ। यस्तै यसको सेवन गरेपछि श्वास गन्हाउदैन। कफ तथा बाडुलीमा तुरुन्त आराम मिल्छ। यस्तै, बान्ता रोक्न, कुष्ट तथा विषनाशक तथा मानसिक पीडा हटाउन तुलसी लाभदायी मानिन्छ।तुलसीको पहेंलो पातमा हरियो रंगको एक तैलीय पदार्थ पाइन्छ, यो पदार्थ हावामा मिसियो भने कैयौं किटाणु मर्छन्। पानीमा तुलसीको पत्ता राखेर पिएमा पेटको समस्या समाधान हुन्छ भने अनुहारलाई पनि चम्किलो बनाउँछ। तुलसीको प्रयोगले स्मरणशक्ति बढाउँछ भने यसमा पाइने विशेषप्रकारको एसिडले दुर्गन्ध भगाउँछ। तुलसीको प्रयोगले शरीरको सेतो दाग पनि हट्छ, किनकी यसले हाम्रो रगतलाई पनि सफा बनाउँछ। तुलसीको पातलाई चियाको रुपमा पनि प्रयोग गर्न सकिन्छ। अथवा तुलसीको पातलाई सुकाएर दालचिनी, तेजपत्ता, सुपलगायत मिसाएर धुलो बनाएमा चियाको रुपमा प्रयोग गर्न सकिन्छ। दमको रोगीले तुलसीको पातलाई काँडा बनाएर हरेक दिन तातो पार्दै बिहान बिहान पिएमा लाभदायी हुन्छ।

खोकी र ज्वरोमा तुलसीको पात उमालेर दिएमा फाइदा हुन्छ। तुलसीले रगतमा कोलस्ट्रोलको मात्रा नियन्त्रित गर्छ, नियमित सेवनले वजन घटाउँछ। तुलसीको रसमा केही नुन मिसाएर बेहोस मानिसको नाकमा अलिकता राखिदिने हो भने होस चाँडै खुल्छ। चिया बनाउँदा तुलसीको केही पात पनि उमाल्ने हो भने रुघा, ज्वरो तथा शरीरको दुखाई कम हुन्छ। तुलसीको रसलाई ५ ग्राम महका साथ खाने हो भने बाडुली रोकिन्छ, दमका रोगीलाई लाभदायी हुन्छ।

ल्वाङ :- ल्वाङलाई खानामा मसलाका रुपमा प्रयोग गरिन्छ। यसमा प्रोटिन, आइरन, कार्बोहाइड्रेट्स, क्याल्सियम, फस्फोरस, पोटाशियम, सोडियम तथा हाइड्रोक्लोरिक एसिड भरपूर मात्रामा पाइन्छ। यस्तै, यसमा भिटामिन ए तथा सि, म्याग्नीज र फाइबर पनि पाइन्छ। ल्वाङ प्राकृतिक पेनकिलरको रुपमा पनि प्रयोग गरिन्छ। यसमा रहेको युजेनल आयल दाँतको दुखाईका लागि लाभदायी मानिन्छ। जतिसुकै दाँत दुखेपनि ल्वाङको तेल लगाउनाले दुखाई तत्कालै निको हुन्छ। यसमा एन्टीब्याक्टेरि यल विशेषता हुन्छ, जसका कारण यसको प्रयोग टुथपेष्ट, माउथवास तथा क्रिम बनाउन प्रयोग हुन्छ। जोर्नीमा हुने दुखाई, सुन्निने जस्ता समस्याका लागि ल्वाङ फाइदाजनक हुन्छ। कैयौं अरोमा विशेषज्ञहरु जोर्नी दुख्ने समस्याका लागि ल्वाङको तेल सिफारिस गर्छन्। ल्वाङका तेल सुँघ्नाले रुघा, कफ, दम, ब्रोङकाइटिस, साइनसाइटिसजस्ता समस्यामा तुरुन्त आराम मिल्छ। ल्वाङको तेलमा एन्टीसेप्टिक गुण पनि हुन्छ, जसबाट फंगल संक्रमण, काटेको, घाउ भएको र छालासंबन्धी अन्य समस्यामा यसको प्रयोग गरिन्छ। ल्वाङको तेल सिधै नभई कुनै तेलमा मिसाएर लगाउन पर्छ।

सुकुमेल :- भोक नलाग्ने, बान्ता हुने, अपच हुने आदि समस्या छन् भने सुकुमेल खानाले कम हुन्छ। तिर्खा लागिरहन्छ अथवा घाँटी पोल्ने गरिरहन्छ भने सुकुमेल मिसाइएको पानी पिउँदा राम्रो हुन्छ। छातीमा कफ जमेको छ र सास लिन गाह्रो भइरहेको छ भने सुकुमेल खानाले कफ बाहिर निस्कन्छ र शरीरलाई राहत मिल्छ। रुघाखोकी लागेको छ अथवा घाँटी खसखस भइरहने समस्या छ भने सुकुमेललाई पिसेर महसँग खानुपर्छ। सुक्खा खोकी लागेको छ भने सुकुमेल, तोरीको तेल र चिनी मिसाएर खानुपर्छ। यसले कफ बाहिर निकाल्न मद्दत गर्छ। ज्वरो आएर जीउ पोलेको छ भने सुकुमेल खानाले सहज महसुस हुन्छ।

# भरुवा बन्दुक र लागुऔषध सहित एक-एक जना पक्राउ



विराटनगर । भरुवा बन्दुक र लागुऔषध सहित प्रहरीले एक एक जनालाई पक्राउ गरिएको छ । घटनाको विवरण अनुसार भोजपुरको अरुण गाउँपालिका वडा नं. १ रातमाटेमा भरुवा बन्दुक चलाउदा १ जनाको मृत्यु भएको थियो ।

सोहि स्थानका ४७ बर्षीय सुर्य बहादुर खत्रीले छिमेकीको गोठमा गई भरुवा बन्दुक चलाउदा आफ्नै पेटमा लागी घाईते भएको भन्ने स्थानियले खबर गर्नासाथ प्रहरी चौकी प्याउलीबाट टोली खटिगई उपचारको लागी जिल्ला अस्पताल भोजपुर लगिएको थियो ।

उपचारको क्रममा खत्रीको मृत्यु भएको तथा घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट प्रहरी टोली खटि थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

त्यसैगरी मोरङको जहदा गाउँपालिका वडा नं. १ लंकाटोलबाट अबैध लागुऔषध गाँजा सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा सोही स्थानका ३२ बर्षीय मुन्ना मल्लाह रहेको छ ।

२६ गते अस्थायी प्रहरी चौकी भेडियारीबाट खटिएको प्रहरी टोलीले नेपालबाट लुकाई छिपाई भारत तर्फ लाँदै गरेको १४ केजी गाँजा बरामद गरेको थियो । गाजा सहित पक्राउ परेका मल्लाहलाई ईलाका प्रहरी कार्यालय रानीले म्याद थप गरी थप अनुसन्धान गरिरहेको छ ।

## समावेशी ...

वर्गहरूको जीवनमा जति सहजता छ, सामान्य मानिसको अवस्था अझै पनि कहालीलाग्दो छ । गुल्मी जिल्लाको धुर्कोट गाउँपालिकाका एक जना दलित वडा अध्यक्षले सोधे- 'अझै पनि हाम्रो समाजमा छुवाछुत छ र ?' एक जना सहभागीले भने, 'तपाई पो वडा अध्यक्ष हो र छैन होला, हामीले त अझै पनि छुवाछुतको विभेद भोगिरहेका छौं ।' यसले के स्पष्ट हुन्छ भने पहुँचले नकारात्मक सामाजिक मूल्य मान्यतालाई पनि सजिलै सकारात्मक परिवर्तन गराउन सक्दो रहेछ ।

महिला, जनजाति र दलित प्रतिनिधिहरूको स्थानीय सरकारमा यति ठूलो सहभागिता नेपालको इतिहासमा यो पहिलो हो । यसलाई ती वर्ग समुदायको उत्थानमा नयाँ आयाम नै मान्न सकिन्छ मानव मानवबीचको विभेदलाई हटाउन पनि राजनीतिक, सामाजिक र आर्थिक पहुँच मुख्य कडीका रूपमा लिन सकिन्छ भन्ने उदाहरण हो यो । त्यसैले राजनीतिक दलहरूले विभिन्न कारणले पछाडि पारिएका समुदायको प्रतिनिधित्वलाई आगामी स्थानीय निकायको निर्वाचनमा बढीभन्दा बढी अर्थपूर्ण र कार्यकारी पदमा सहभागिताका लागि अवसर दिनुपर्ने आवश्यक्ता छ ।

घरायसी काम र चुलौचौकोमा सीमित महिलाहरू यतिधेरै संख्यामा जिम्मेवार ओहोदामा पुग्न संविधानले बाटो खोलिदिएको छ । यो अवसरबाट विभिन्न बहानामा वञ्चित गराउनु हुन्न । प्रतिस्पर्धामा भाग लिनबाट अंकुश लगाउनु हुन्न । आरक्षण कोटामा मात्र सीमित गरिदिँदा पुराना नदोहोरिने वा नयाँ नआउने सम्भावना रहन्छ । त्यसैले लिङ्गका आधारमा पनि मत संख्या धेरै भएका महिलाहरूलाई समावेशिताको पनि छोडिएको भूमिकामा मात्रै छोडिदिने अभ्यास रोक्नुपर्छ । अझ गठबन्धन र तालमेलका नाममा त्यो भाग पनि खोसिने जोखिमलाई बढाएको छ । राज्यको व्यवस्था परिवर्तन गर्नमा र राजनीतिक दलहरूलाई यो अवस्थामा पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका महिला हरूलाई निर्वाचन प्रक्रियामा त्यत्तिकै अवसरको खाँचो छ । आजको यो समयमा पनि आफ्नै राजनैतिक दलका सम्मानित नेताहरूबाट राजनीतिक विभेदमा पारिनु वा पर्नु महिला नेतृत्वका लागि मात्र हैन, समृद्ध नेपाल निर्माणका लागि समेत बाधक बन्नेछ ।

महिलाले आफ्नो हकअधिकारका लागि गरेको निरन्तर संघर्षको परिणाम स्वरूप वि.सं २०७४ को स्थानीय चुनावमा नीतिगत रूपमै आरक्षण कोटाको व्यवस्था गरिएको थियो । यसले महिलाहरूको स्थानीय सरकारमा सहभागिता वृद्धि भएको हो । यसलाई हेक्का राख्दै अब आउँदो निर्वाचनमा संविधानको धारा ३८(४) को प्रावधान अनुसार महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वका लागि सबै क्षेत्रबाट सचेतना, ऐक्यबद्धताका साथ दबाब सिर्जना गर्नु हरेक लोकतन्त्र, समानता र सामाजिक न्यायमा विश्वास राख्ने व्यक्ति र समूहको दायित्व हो ।

हामी देख्न चाहन्छौं- सबै वर्ग, क्षेत्र, समुदाय र लिङ्गबाट कुनै पनि विभेदरहित व्यवहार सहितको व्यवस्था वा परिपाटी र यसका लागि राजनीतिक दल र दलका नेताहरूको भूमिका सधै सकारात्मक रहने छ । आशा गरौं, आगामी स्थानीय निकायको निर्वाचनमा ती र त्यस्ता समुदायको प्रतिनिधित्व गर्व गर्न लायक बनोस् ।

# लागु औषध सहित दुई जना पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित १ नम्बर ढाटबाट लागूऔषध सहित २ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा उदयपुर चौदन्डी नगरपालिका वडा नं. ७ बेलटारका १९ बर्षीय आषिश चाम्लिङ राई र २० बर्षीय भबी राई रहेको छ ।

विहीवार भरतबाट नेपाल आउदै गरेका उनिहरुलाई लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले फेरागन १२ एम्पुल, एभिल १२ एम्पुल , लुपिजेसिक १२ एम्पुल र डाईजेलेप १२ एम्पुल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका दुवै जनालाई ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।




**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

*हार्दिक मंगलमय*

**शुभकामना**

*नव वर्ष २०७८ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

*श्याम सुन्दर सुतिहार*
*(अध्यक्ष)*
*भिलेज नेपाल,परिवार*

हार्दिक मंगलमय

**शुभकामना**

**नववर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

राम कुमार कामत (अध्यक्ष)
मंजिता सरदार (उपाध्यक्ष)
कटहरी गाउँपालिका मोरंग

कैलाश प्रसाद मण्डल (अध्यक्ष)
सालो साह (उपाध्यक्ष)
जहदा गाउँपालिका मोरंग

हरिलाल सिंह (अध्यक्ष)
नसिमा वानो (उपाध्यक्ष)
धनपालथान गाउँपालिका मोरंग

बालचन्द माझी (अध्यक्ष)
अमृता कुमारी गच्छदार (उपाध्यक्ष)
बढीगंगा गाउँपालिका मोरंग

शिवनारायण माझी थारु (अध्यक्ष)
फूलकुमारी चौधरी (उपाध्यक्ष)
ग्रामथान गाउँपालिका मोरंग

रोहित कार्की (अध्यक्ष)
शान्ति कुमारी लिम्बु (उपाध्यक्ष)
केरावारी गाउँपालिका मोरंग

देवी प्रसाद आचार्य (अध्यक्ष)
सरला राई (उपाध्यक्ष)
मिक्लाजुङ गाउँपालिका मोरंग

ताराबहादुर काफ्ले (अध्यक्ष)
रामकुमारी इंगनाम (उपाध्यक्ष)
कोनेपोखरी गाउँपालिका मोरंग

दिलीप कुमार अग्रवाल (मेयर)
केसव कुमारी खराल (उपामेयर)
रंगेली नगरपालिका, मोरंग

काली प्रसाद दास (मेयर)
मंजु कुमार राई (उपाध्यक्ष)
सुनवर्सी नगरपालिका, मोरंग

शिव प्रसाद ढकाल (मेयर)
धनमाया तामाङ (उपमेयर)
सुन्दर हरैचा नगरपालिका, मोरंग

खड्ग फागो (मेयर)
लक्ष्मी भण्डारी (उपमेयर)
उर्लावारी नगरपालिका, मोरंग

किशोर राई (मेयर)
यमुना विष्ट (उपमेयर)
पथरी-शनिश्चरे नगरपालिका, मोरंग

ज्ञानेन्द्र सुवेदी (मेयर)
ढाका कुमारी पराजुली (उपमेयर)
बेलवारी नगरपालिका, मोरंग

रविन राई (मेयर)
दन्त देवी चुडाल (उपमेयर)
रतुवा माई नगरपालिका, मोरंग

शंकर राई (मेयर)
कृष्ण कुमारी निरौला (उपमेयर)
लेटाङ्ग नगरपालिका, मोरंग

*नगरपालिका तथा गाउँ पालिका परिवार मोरंग*